# स्थानीय राजपत्र

कालिञ्चोक गाउँपालिका, दोलखाद्वारा प्रकाशित

| खण्ड ३ | सङ्ख्या १० | मिति: २०७६/०६/१२ |
|---|---|---|


**भाग २**

**कालिञ्चोक गाउँपालिका**

नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७६ सालको कार्यविधि सङ्ख्या १०

# कालिञ्चोक गाउँपालिकावाट प्रदान गरिने स्नातक प्राविधिक छात्रवृद्धि वितरण कार्यविधि, २०७६

**प्रस्तावना :** कालिञ्चोक गाँउकार्यपालिकाको कार्यालयवाट यस गाउँपालिका भित्र रहेका गरिव, जेहेन्दार, लगनशिल र मेहनती विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति उपलब्ध गराई प्राविधिक जनशक्ति उत्पादन गर्नको लागि यो कार्यविधि बनाई लागु गर्न वाञ्चछनिय देखिएकोले, यो कार्यविधि बनाई लागु गरिएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "**कालिञ्चोक गाउँपालिकावाट प्रदान गरिने स्नातक प्राविधिक छात्रवृद्धि वितरण कार्यविधि, २०७६**" रहेको छ ।

(२) यो कार्यविधि कालिञ्चोक गाउँपालिका क्षेत्रभित्र आ.व.०७६/०७७ देखि लागू हुनेछ ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यविधि" भन्नाले कालिञ्चोक गाउँपालिकावाट प्रदान गरिने स्नातक प्राविधिक छात्रवृत्ति वितरण कार्यविधि, २०७६ सम्झनुपर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले कालिञ्चोक गाउँकार्यपालिका सम्झनुपर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले कालिञ्चोक गाउँपालिका सम्झनु पर्छ ।

(घ) "स्नातक प्राविधिक" भन्नाले नेपालका विश्वविद्यालयहरुमा कम्तिमा ४ वर्षे प्राविधिक स्नातक तहमा भर्ना भई अध्ययनरत विद्यार्थीलाई सम्झनुपर्दछ ।

**३. छात्रवृत्ति पाउने मापदण्ड :**

क) छात्रवृत्ति को लागि आवेदन दिने आवेदक कालिञ्चोक गाउँपालिकाको स्थायी वासिन्दा हुनुपर्नेछ ।

ख) आवेदकले SLC/SEE सरकारी विद्यालयवाट उत्तीर्ण गरेको हुनुपर्नेछ ।

ग) छात्रवृत्तिको लागि आवेदकले स्नातक प्राविधिक कलेज भर्ना भएको भर्ना रसिद, भर्ना भएको सम्वन्धित कलेजको पत्र, SLC/SEE को प्रमाणपत्रको प्रतिलिपी, सम्वन्धित वडाको सिफारिसपत्र र छात्रवृत्ति पाउँ भन्ने निवेदन गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. **छात्रवृत्ति उपलब्ध गराईने प्रक्रिया :**

क) छात्रवृत्तिको लागि आवेदकवाट दफा ३ (ग) बमोजिमको कागजातहरु पेश भएको हुनुपर्नेछ ।

ख) कार्यालयले छात्रवृत्तिको लागि आवेदकवाट पेश भएका कागजातहरु अध्ययन गरी छात्रवृत्ति प्रदानको निर्णयको लागि दफा ५ बमोजिमको समितिसमक्ष पेश गर्नुपर्नेछ। निर्णय भएपछि सम्वन्धित आवेदकलाई जानकारी गराई छात्रवृत्तिको रकम प्रदान गरिनेछ । तर कुनै सङ्घसंस्थाबाट पूर्ण रुपमा छात्रवृत्ति पाईसकेका व्यक्तिलाई छात्रवृत्ति प्रदान गरिने छैन ।

५. **छात्रवृत्ति निर्णय समिति :**

क) छात्रवृत्तिको लागि आवेदकवाट पेश भएका कागजातहरु अध्ययन गरी छात्रवृत्ति प्रदान गर्ने निर्णयको लागि तपसिल बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| संयोजक | - गाउँपालिकाका अध्यक्ष |
| सदस्य | - गाउँपालिकाका उपाध्यक्ष |
| सदस्य | - प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | - लेखा शाखा प्रमुख |
| सदस्य सचिव | - शिक्षा शाखा प्रमुख |

६. **छात्रवृत्ति रकम :**

क) कालिञ्चोक गाउँपालिकावाट प्रदान गरिने स्नातक प्राविधिक छात्रवृत्तिको रकम अध्ययन अवधिको लागि १ पटकको लागि मात्र प्रति विद्यार्थी अधिकतम रु. ७५०००। (अक्षरुपी पचहत्तर मात्र) उपलब्ध गराईनेछ ।

ख) यसरी छात्रवृत्तिको रकम प्राप्त गरेका विद्यार्थीहरुले अनिवार्य रुपमा प्राविधिक शिक्षा अध्ययन गर्नुपर्नेछ । तर पुरै अवधि अध्ययन नगरी विचमै अध्ययन छाडेको पुष्टि भएमा उपलब्ध गराईएको छात्रवृत्तिको रकम गाउँपालिकामा फिर्ता गर्नुपर्नेछ ।

## अनुसूची-१

## स्नातक प्राविधिक छात्रवृत्ति पाउनको लागि दिने निवेदनको ढाँचा

मिति : ..................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
कालिञ्चोक गाउँकार्यपालिकाको कार्यालय,
सुनखानी, दोलखा ।

**विषय : स्नातक प्राविधिक छात्रवृत्ति पाउँ ।**

प्रस्तुत विषयमा यस कालिञ्चोक गाउँपालिका अन्तर्गत वडा नं. ..... मा वस्ने श्री ......................को छोरा/छोरी वर्ष .....को म श्री..........................ले स्नातक (प्राविधिक) अध्ययनको लागि मेरो आर्थिक अवस्था कमजोर भई अध्ययन गर्न कठिनाई भएकोले यस कार्यालयवाट स्नातक प्राविधिक अध्ययनको लागि छात्रवृत्ति वितरण गर्ने कार्यक्रम भएको भन्ने बुझिएकोले मैले सो अध्ययनको लागि आवश्यक कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु । मैले पेस गरेको विवरण ठीक साँचो छ । झुट्टा ठहरेमा प्रचलित कानुन बमोजिमको सजाय भोग्न मञ्जुर छु ।

१. नाम थर : ...................... .........................
२. प्रदेश : ...................................
३. ठेगानाः ..............
४. सम्पर्क टेलिफोन वा मोबाइल नं. .............................

**प्रमाणीकरण मितिः २०७६।०६।१२**

**आज्ञाले,**
**माधव घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**